## फन्डिङ्ग गर्ने प्रकृयाका विशेषताहरु

### ग्लोबल फन्डको आर्थिक सहयोग (फन्डिङ्ग) गर्ने प्रकृयाका मुख्य विशेषताहरु

एड्स, टि.वी. र मलेरिया विरुद्ध लड्नका लागि ग्लोबल फन्ड (GFATM) विश्वभरीनै एड्स, टि.वी तथा मलेरिया कार्यक्रमलाई आर्थिक सहयोग गर्ने सबैभन्दा ठुलो दातृ संस्था हो । ग्लोबल फन्ड द्वारा प्रायोजित एच.आई.भी, टि.वी. तथा मलेरिया सम्बन्धी विभिन्न प्रतिरोधात्मक क्रियाकलापहरुको विस्तार तथा यी रोगबाट प्रभावित व्यक्तिहरुको प्रभावकारी निदान तथा उपचारको नतिजा स्वरुप सन् २०१६ को अन्त्य सम्ममा करिव २ करोड २० लाख मानिसहरुको जीवन बच्ने अनुमान गरिएको छ । ग्लोबल फन्डले आर्थिक सहयोग प्रदान गर्ने प्रकृया सम्बन्धमा नागरिक समाज, समुदाय तथा विशेष समुहले सदैव याद गर्नु पर्ने केही महत्वपूर्ण विशेषताहरु तल वर्णन गरिएको छ ।

| | |
|---|---|
| १ | **यो बाँडफाँडमा आधारित हुन्छः** ग्लोबल फन्डका लागि योग्य राष्ट्रहरुलाई लक्षित गरी यसले निर्दिष्ट रुपमा तीन वर्षको लागि आर्थिक सहयोग निर्धारण गर्दछ । सम्बन्धित राष्ट्र योग्य हुने सबै रोगहरुका लागि बजेट निर्धारण गरिएका हुन्छन् । आवेदकहरुले ३ वर्षको अवधीमा निर्धारण गरिएको बजेट कुनैपनि समयमा प्राप्त गर्न सक्नेछन् । यसले प्रत्येक रोगका लागि कति बजेट लगाईनु पर्दछ भन्ने कुराको सुझाव दिन्छ तर प्रत्येक रोगअनुसारको बाँडफाँडको निर्णय (टी.वी., एच.आई.भी., मलेरिया वा लचिलो र दीगो स्वास्थ्य प्रणालीका लागि कति कति रकम विनियोजन गर्ने) राज्य स्वयँको हुनेछ ।<br>**सामुदायिक निर्देशिका**<br>• ३ वर्षे आर्थिक सहयोग निर्धारण पद्धतीले विभिन्न राष्ट्रहरुको रोगसम्बन्धी रणनीतिहरु लागु गर्ने समयसिमा संग ग्लोबल फन्डको सामन्जस्यता सुनिश्चित गर्ने लक्ष्य लिएको छ । यसको अर्थ राष्ट्रिय रणनीतिक योजना तर्जुमा प्रकृयामा हुने संलग्नता महत्वपूर्ण हुनेछ ।<br>• यो प्रणालीले सबै राष्ट्रहरुमा रोग नियन्त्रण कार्यक्रम लागि आवश्यक आन्तरिक स्रोत परिचालनका सम्बन्धी छलफल गर्ने दायरालाई पनि बढाउनेछ । सबै राष्ट्रहरुले आन्तरिक रुपमा निर्धारण गर्ने बजेट राष्ट्रको आफ्नो आर्थिक अवस्थामामा मात्र नभै राष्ट्रको स्वास्थ्य र/वा रोग नियन्त्रण कार्यक्रमका लागि आफैं बजेट विस्तार गर्ने प्रतिबद्धतामा पनि आधारित हुन्छ । |
| २ | **यसले रोग नियन्त्रण कार्यक्रमका लागि बजेट विनियोजन गर्नका लागि निश्चित खर्च गर्ने पद्धतीको अवलम्बन गर्दछः** यसले रोग नियन्त्रण कार्यक्रमका लागि परिचालित स्रोत बाट अधिकतम नतिजा सुनिश्चित गर्नका लागि रोग नियन्त्रण रणनीति तथा क्रियाकलापहरुको प्रभावकारीतामा विशेष जोड दिन्छ । फन्डिङ्गको लागि गरिने अनुरोधले बजेट विनियोजन गर्ने क्षमतालाई दर्शाउन सक्नु पर्दछ । यसका साथै स्रोतको परिचालन आवश्यक जनसमुदाय लक्षित सही क्रियाकलापहरुको लागी हुने तथा विभिन्न रोगहरुको लागि समुचित रुपमा वितरण हुने कुरा प्रमाणित गर्न सक्नु पर्दछ ।<br>**सामुदायिक निर्देशिका** |

| | |
|---|---|
| | • बजेट निर्धारणको प्रभावकारीताले रोग नियन्त्रण कार्यक्रम मुख्य लक्षित जनसमुदायसम्म पुगेको कुरालाई सुनिश्चित गर्ने अवसर प्रदान गर्दछ। मानव अधिकार र लैंगिक समानता जस्ता महत्वपूण उत्प्रेरकहरुलाई रोग नियन्त्रण कार्यक्रम निर्धारण प्रकृयाको अभिन्न अंगको रुपमा लिईनु पर्दछ भन्ने कुरालाई पनि यसले ईङ्गित गर्दछ। |
| ३ | **ग्लोबल फन्ड आर्थिक सहयोग कार्यक्षमता मा आधारित हुन्छः** आर्थिक सहयोग स्वीकृत भएपश्चात र क्रियाकलापहरु संचालन गर्ने अवधिमा समेत ग्लोबल फन्ड को आर्थिक सहयता निवेदकको कार्यक्षमतामा आधारित हुन्छ । क्रियाकलाप संचालन गर्ने अवधीमा आर्थिक सहयताको निकासा तथा आर्थिक सहयताको तह (मात्रा) निकासा भएको रकमको उपयोग गर्ने तथा निर्धारण गरिएका लक्ष्यहरु हांसिल गर्ने कार्यक्षमता तथा प्रभावकारीतामा आधारित हुन्छ।<br>**सामुदायिक निर्देशिका**<br>• कार्यक्षमतामा आधारित प्रणालीका लगि चुस्त दुरुस्त र समष्टिगत योजना तर्जुमा प्रकृयाको आवश्यकता हुन्छ । कार्यक्रमको प्रभावकारीताको मूल्याङ्कनका लागि निकासा भएको रकमको न्यून खर्च वा बढी खर्चलाई आधार मानिनेछ। कार्यक्रमको परिमार्जन गर्नका लाग लचकता दिईनेछ तर यसका लागि कार्यक्रममा परिवर्तन गनु पर्ने शसक्त तथ्य (प्रमाण) को आवश्यकता हुन्छ।<br>• कायक्रमका सुचकांक तथा लक्ष्यहरु सजगताका साथ निर्धारण गरिनु पर्दछ किनभने यसैका आधारमा कार्यक्रमको प्रगतीको मूल्याङ्कन गरिनेछ । सुचकांकहरु संचालन गरिने क्रियाकलापको आधारमा तय गरिनु पर्दछ । त्यसैकारण सेवा संग सम्बन्धी क्रियालापहरु तथा मानव अधिकार र लैगिक समानता सम्बन्धी कार्यक्रमका लागि निश्चित रुपमा फरक खालका सुचकांकहरु तय गरिनु पर्दछ। |
| ४ | **फन्डिङ्ग मोडेल ले लगातार तथा मुलधारमा ल्याउने प्रकृयालाई अवलम्बन गर्दछः** फन्डिङ्ग मोडेल को खाका राष्ट्रिय रणनीतिहरु तय गर्ने राज्यको प्रकृयामा आधारित हुनेछ र यसले कार्यक्रमको संचालनलाई जोड दिन्छ। राष्ट्रिय स्तरका सरोकारवालाहरुलाई कार्यक्रम संचालनमा बढी केन्द्रित हुने अवसर दिनका लागि आर्थिक सहयता (फन्डिङ्ग) को लागि दिईने निवेदनका लागि ६ देखि ९ महिनासम्म लाग्ने अनुमान गरिएको छ। आर्थिक सहयताको लागि दिईने निवेदन राष्ट्रिय स्तरमा गरिने निरन्तर तथा नियमित छलफलमा आधारित हुनु पर्दछ। यसका लागि सरकारी तथा गैह्र सरकारी सरोकारवालाहरुलाई समाविष्ट गर्ने गरी राष्ट्रिय स्तरमा वृहत परामर्श गर्ने व्यवस्था हुन पर्दछ। यसका साथै आर्थिक सहयताको लागि दिईने निवेदन हाल संचालनमा रहेका कार्यक्रम तथा क्रियाकलापहरुको मूल्याङ्कनमा समेत आधारित हुनु पर्दछ।<br><br>माथि उल्लेखित निरन्तर प्रकृया पश्चात क्रियकलापहरुको संचालनबाट भएका सिकाईको आधारमा फन्डिङ्ग मोडेल आफैंमा विकसित हुंदै जानेछ । उदाहरणका लागि विगतमा फन्डिङ्ग मोडेलमा गरिएको एउटा महत्वपूर्ण परिवर्तन यहाँ प्रस्तुत छ । विगतमा फन्डिङ्ग मोडेल ले सबै आर्थिक सहयात सम्बन्धी निवेदनहरुका लागि एउटै पद्धतीको अवलम्बन गरेको थियो। यस पछाडीको बजेट निर्धारण अवधीका लागि यसले निवेदन तथा प्राविधिक पुनरावलोकनका लागि फरक फरक पद्धतीको अवलम्बन गर्नेछ। |

| | |
|---|---|
| | **सामुदायिक निर्देशिका**<br>● नागरिक समाज, समुदाय तथा मुख्य लक्षित जनसांख्यिक समूह हरुले यस प्रकृयालाई सुधार गर्नका लागि सहयोग गर्न सक्नेछन् । यसका लागि उल्लेखित जनसमुदायले कसरी आफ्नो सहभागीता गराउने, कसरी परिचालित हुने, कसरी मुख्य नतिजाहरु तथा उपलब्धीहरुको दस्तावेज कसरी राख्ने, शसक्त तथ्य (प्रमाण) कसरी प्रस्तुत गर्ने र मुख्य रुपमा अन्य सरोकारवालाहरुलाई कसरी सल्लाह दिने जस्ता क्षेत्रहरुमा आफुलाई तयार बनाउनु पर्दछ ।<br>● यस निरन्तर प्रकृयामा नागरिक समाज, समुदाय तथा मुख्य जनसांख्यिक समूहको निरन्तर सहभागीता अत्यन्तै आवश्यक र महत्वपूर्ण हुनेछ । सजगताका साथ गरिने रणनीतिक योजना तर्जुमाको माध्यमबाट यस पद्धतीले स्थानिय तथा राष्ट्रिय स्तरमा साँचो अर्थमा समुदायको सहभागीता हुने व्यवस्थालाई सुधार गर्नका लागि पाठ सिकाउन मद्धत गर्नेछ । |
| ५ | **यसको बनौट विभिन्न सरोकारवाला बिचको सहकार्यका लागि सुहांउदो किसिमले गरिएको छ :** आर्थिक सहयोग पद्धतीमा ग्लोबल फन्डले पहिचालन गरेको राष्ट्रिय स्तरको निकाय सी.सी.एम (Country Coordinating Mechanism) ले आर्थिक सहयोगको निवेदन दिन, प्रमुख रिसिपियन्ट (पी.आर.) को सहभागीता गराउन तथा आर्थिक सहयोगको कार्यान्वयन गराउनको लागि नेतृत्वदायी भूमिका निर्वाह गर्दछ ।<br>**सामुदायिक निर्देशिका**<br>● ग्लोबल फन्डको आर्थिक सहयताको लागि योग्य हुन सी.सी.एम. विभिन्न आवश्यकताहरु पूरा गर्नु पर्दछ । यी आवश्यकताहरु मध्ये समावेशी तथा निरन्तर राष्ट्रियस्तरको परामर्श तथा सी.सी.एम. मा नागरिक समाज, समुदाय तथा मुख्य जनसांख्यिक समूह को प्रतिनिधित्व महत्वपूर्ण छन् ।<br>● मुख्य र रोगबाट प्रभावित जनसमुदाय तथा रोगबाट ग्रसित समुदायको प्रतिनिधित्व व्यक्तिगत पूर्वाग्रहको आधारमा होईन सांगठनिक रुपमा हुनु पर्दछ । यसका लागि नागरिक समाज र समुदायका प्रतिनिधिहरुले आ-आफ्ना संगठनमा परामर्श गरेको हुनु पर्दछ ।<br>● रोग नियन्त्रण कार्यक्रम, स्वास्थ्य मन्त्रालय जस्ता सरकारी निकाय तथा प्राविधिक साझेदारहरु प्राय गरेर सी.सी.एम बैठक तथा अन्य क्रियाकलापहरुमा सहभागी हुन्छन् । यसले ती निकायहरुलाई राज्यको रोग नियन्त्रण कार्यक्रम (ग्लोबल फन्डको आर्थिक सहायता प्राप्त भएपनि वा नभएपनि) मा सहभागीता जनाउने प्रवेश विन्दुको कार्य गर्दछ । |
| ६ | **यसले फरक फरक पद्धतीको अवलम्बन गर्दछः** ग्लोबल फन्डले विभिन्न राष्ट्रको विकासको तरिका र गति विभिन्न तत्वको कारण फरक हुने कुरालाई मध्यनजर गरेको छ । यसर्थ ग्लोबल फन्ड रणनीको सफलताको लागि यसले राष्ट्रको परिवेश र लगानीको प्राथमिकताका अनुसार फरक फरक पद्धती अवलम्बन गर्नै पर्दछ ।<br>आर्थिक सहायता पद्धतीका विभिन्न आयामहरुमा फरकपना लागु गरिनेछ । ग्लोबल फन्डको लागि योग्य राज्यहरुलाइ लगानीको तह (मात्रा) तथा जोखिमका आधारमा केन्द्रित (focused), मुख्य (core) र उच्च प्रभावीत (high impact) गरी तीनवटा समूहमा विभाजन गरिएको छ । यसले राज्य अनुसार आर्थिक सहयाताका लागि पेश गरिने प्रस्तावना तथा पुनरावलोकन कुन प्रकृयाबाट हुनेछ |

CCM NEPAL

भनेर निर्धारण गर्न सहज हुनेछ । फन्डिङ्ग पद्धतीमा अब उपरान्त आर्थिक सहायताका लागि दिईने निवेदन तथा पुनरावलोकलनमा फरक फरक पद्धतीको अवलम्बन गरिनेछ ।
'कार्यक्रमको निरन्तरता (programme continuation)–यस समूहमा कार्यक्रमको वस्तुगत पक्षमा कुनै परिवर्तन नगरी आर्थिक सहायताको निरन्तरताका लागि मात्र निवेदन दिन सकिनेछ । 'परिवेश सुहाउँदो आवेदन तथा पुनरावलोकन (Tailored application and review) –यस समूहमा राज्यको आफ्नो परिवेश जस्तै चुर्नातीपूर्ण कार्य वातावारण, श्रृजनशिल लगानी, अथवा ग्लोबल फन्डको सहायता आवश्यक नहुन राष्ट्रहरु आदि समावेश हुनेछन् । पूर्ण प्रस्तावना तथा पुनरावलोकन (Full Proposal and review) –यस समूहमा आर्थिक सहायताका लागि दिईने निवेदनमा उल्लेख गरिएका कार्यक्रम तथा रणनीतिहरुको समष्टिगत पुनरावलोकन समावेश हुनेछ । निवेदनका लागि प्रयोग गरिने सामग्रीहरु माथि उल्लेखित निवेदनको फरक फरक पद्धतीमा आधारित हुनेछन् ।

आर्थिक सहायताको लाीग प्रस्तावना पेश गर्ने समयमा सी.सी.एम. को योग्यता कसरी मूल्याङ्कन कसरी गरिनेछ भन्ने कुरासंग पनि फरकपना सम्बन्धित हुनेछ । यसले दुईवटा आवश्यकताहरुलाई समाहित गर्नेछ जसमध्ये पहिलो आर्थिक सहायताको लागि प्रस्तावनाको विकासका लागि सहभागीतामुलक प्रकृयाको अवलम्बन संग सम्बन्धित हुनेछ भने दोश्रो आर्थिक सहायताको मुख्य ग्राहीको छनौटका लागि पारदर्शी प्रकृयाको अवलम्बन संग सम्बन्धित हुनेछ । 'स्तरीय पुनरावलोकन' भन्नाले योग्यता प्रष्ट्याउने शारांश तथा यसको आवश्यकता संग सम्बन्धित सहयोगी कागजात हरु पेश गर्ने भन्ने बुझिन्छ । 'हलुका ( वा अत्यन्तै हलुका) पुनरावलोकन' का लागि भने सी.सी.एम. हरुले पूर्ण योग्यता प्रष्ट्याउने शारांश तथा यसको सहयोगी कागजातका सट्टामा आवश्यकता संग सम्मत हुने बयान पेश गर्न सक्नेछन् । माथि उल्लेखित पद्धतीहरु सी.सी.एम. को वार्षिक योग्यता तथा कार्यसम्पादनको मूल्याङ्कन, आर्थिक सहायताको मुख्य ग्राही को कार्यसम्पादन को नतिजाको आधारमा वा राष्टले कुन आवेदन पद्धती को प्रयोग गर्नेछ भन्ने आधारमा निर्धारण गरिनेछ

**सामुदायिक निर्देशिका**

- आवेदनको लागि अवलम्बन गरिने फरक फरक पद्धतीले नागरिक समाज, समुदाय तथा मुख्य जनसांख्यिक समूहको सहभागीताको अवसरलाई आधारभूत रुपमा फरक पार्दैन । तथापी राष्ट्रले कुन आवेदन तथा पुनरावलोकन पद्धतीको अवलम्बन गर्नेछ र सम्बन्धित राष्ट्रको लागि कुन योग्यता पुनरावलोकन पद्धती (स्तरीय वा हलुका) सिफारिश गरिएको छ भन्ने कुराको जानकारी प्राप्त गर्नु अत्यन्तै महत्वपूर्ण हुन्छ ।
- आवेदनका लागि अपनाईने फरक फरक पद्धतीले विभिन्न राष्ट्रको वस्तुस्थिती फरक फरक हुन्छन भन्ने कुरालाई आत्मसात गरेको छ । तथापी अवलम्बन गरिने फरक फरक पद्धती को अर्थ यस प्रकृयामा विभिन्न सरोकारवालाहरुको सहभागीतालाई सुनिश्चित गर्नु पर्दछ भन्ने हो । उदाहरणका लागि एक बाट अर्को अवस्थामा परिवर्तित हुने (तचबलकष्तष्यल) पद्धती अवलम्बन गर्ने राष्ट्रहरुले परिवर्तन हुने विभिन्न योजनाहरु लागु हुने कुरा सुनिश्चित गर्न सक्ने विभिन्न सरोकारवालाहरुलाई यस प्रकृयामा सहभागी गराएको हुनु पर्दछ ।
- विभिन्न पद्धती सम्बन्धमा आवश्यक सहयोग तथा स्पष्टिकरण राष्ट्रिय टोली वा क्षेत्रीय सी.आर.जी. प्लेटफर्मबाट प्राप्त गर्न सकिनेछ ।

७ **यसले यसको संरचनामा दीगोपनालाई समाविष्ट गर्दछः** दीगोपनालाई ग्लोबल फन्ड आर्थिक सहयताको एउटा महत्वपूर्ण उपलब्धीको रुपमा हेरिएको छ । त्यसकारण आर्थिक क्षमता वा रोगको बोझ संग असम्बन्धित रहेर ग्लोबल फन्डका लागि योग्य राष्ट्रहरुले अनिवार्य रुपमा आर्थिक सहायताको आवेदनमा दीगोपनाको भागीदार हुने कुरा सुनिश्चित गर्नु पर्दछ । यसैगरी रोग नियन्त्रण कार्यक्रमका लागि आन्तरिक रुपमा लगानीलाई कसरी वृद्धी गर्ने तथा दाताको सहयोग बिनानै कार्यक्रम चलाउन सक्ने अवस्थामा कसरी परिवर्ति हुने विषयमा बहस, छलफल चलाउनका लागि सी.सी.एम हरुलाई प्रोत्साहन गरिन्छ । न्यून आय भएका तथा रोगको बोझ बढी भएका राष्ट्रहरुले स्वास्थ्य प्रणालीलाई लचिलो तथा दीगो बनाउनका लागि लगानी गर्नु पर्ने हुन्छ । मध्यम आय भएका राष्ट्रहरुले रोगको बोझसंग असम्बन्धित रही बारम्बार दोहोरीने कार्यक्रमका अंगहरुलाई प्रगतिशिल रुपमा अंगाल्दै जानु पर्दछ । जस्तै मानव स्रोतको आवश्यकता, अत्यावश्यक औषधीको आपूर्ति तथा मानव अधिकार र लैंगिक समानता सम्बन्धी अवरोधहरु हटाउने खालका क्रियाकलापहरु आदि ।

**सामुदायिक निर्देशिका**

- दीगोपना, एकबाट अर्कोमा परिवर्तित हुने अवस्था तथा संयुक्त लगानी जस्ता आवश्यकताहरुले ग्लोबल फन्ड सहयोग नपाउने राष्ट्रहरुका कार्यक्रम तथा प्रकृयाहरुलाई समेत मुख्य जनसांख्यिक समूह तथा समुदायका आवश्यकताहरु प्रति उत्तरदायी हुन प्रेरित गर्ने अवसर प्रदान गर्दछ ।
- हालको ग्लोबल फन्ड रणनीति अन्तर्गत ग्लोबल फन्ड सहयोग आवश्यक नहुने अवस्थामा परिवर्तित हुनका लागि केही समय लाग्नेछ र यसको प्रकृया पनि जटिल हुनेछ । दीगोपनाका प्रमुख मुद्धाहरु जस्तै मुख्य जनसांख्यिक समूह केन्द्रित कार्यक्रमहरु ग्लोबल फन्ड सहयोग प्राप्त नगरेको अवस्थामा पनि जारीनै रहनेछन भन्ने कुरा हालको आर्थिक सहायताको लागि पेश गरिने आवेदन प्रकृया तथा राष्ट्रको आन्तरिक छलफलमा समावेश गरिएको हुनु पर्दछ ।

केन्द्रित राष्ट्रहरु (Focused countries) अमेरिकन डलर ७५ मिलियन भन्दा कम बजेट विनियोगन भएका तथा रोगको बोझ कम भएका राष्ट्रहरु यस वर्गमा पर्दछने । मुख्य राष्ट्रहरु (Core countries) अमेरिकन डलर ७५ मिलियन भन्दा बढी तर ४०० मिलियन भन्दा कम बजेट विनियोजन भएका तथा रोगको बोझ बढी भएका राष्ट्रहरु यस वर्गमा पर्दछन् । उच्च प्रभावित राष्ट्रहरु (High impact countries) – अमेरिकन डलर ४०० मिलियन भन्दा बढी बजेट विनियोजन भएका तथा रोगको बोझ अत्यन्तै उच्च भएका राष्ट्रहरु यस वर्गमा पर्दछन् ।